**शंखरापुर नगरपालिकाको आ.व. २०७६/०७७ को लागि यस नगरपालिकाको चौथो नगर सभामा नगर प्रमुख श्री सुवर्ण श्रेष्ठज्युबाट पेश गरिएको नीति तथा कार्यक्रमको वक्तव्य**

**माननीय सभाध्यक्ष एवं नगर सभा सदस्यज्युहरु**

स्थानीय तहको निर्वाचन भइ जनप्रतिनिधिको रुपमा आज फेरी यस गरिमामय नगर सभाको बैठकलाई सम्बोधन गर्न पाउँदा मलाइ अत्यन्तै खुशी लागेको छ ।

१. नेपालको लोकतान्त्रिक आन्दोलनका क्रममा नेपाल र नेपाली जनताको मूक्तिका लागि आफ्नो ज्यान उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै विभिन्न प्राजान्त्रिक आन्दोलनका क्रममा घाइते हुनु भएका घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।
२. आर्थिक वर्ष २०७६/७७ को नगर विकासको बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधान को अनुसूची ८ र नेपाल सरकारबाट प्राप्त स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले गरेका व्यवस्थालाई पूर्ण रुपमा पालना गर्ने प्रयासगरीएको छ।चालु त्रिवर्षिय योजना, दीगो विकासका लक्ष्य, नेपाल सरकारबाट प्राप्त स्वीकृत क्षेत्रगत नीतिहरु, राष्ट्रिय योजना आयोग, मन्त्रालयहरुबाट प्राप्त मार्गदर्शनलाई आधार मानी नगर विकास योजना तथा निति, कार्यक्रम तयार गरीएको छ । नगर विकास योजना तर्जुमा गर्ने क्रममा नगरमा क्रियाशिल राजनितिक पार्टी, विषयगत कार्यालयहरु, गैर सरकारी संस्था, नागरिक समाज तथा वडाबाट प्राप्त सुझावलाई आधारको रुपमा लिईएको छ ।
३. **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय अभियानलाई सार्थक तुल्याउन यस नगरपालिकाको नीति तथा कार्यक्रम त्यसै दिशा तर्फ अगाडी बढाइने व्यहोरा समेत अवगत गराउन चाहन्छु ।
४. स्थानीय तह जनताको सर्वाङ्गिण विकास सुनिश्चित गरी आफ्नो घरदैलोबाट सार्वजनिक सेवा प्राप्त गर्ने जनताको नजिकको सरकार रहेको परिप्रेक्ष्यमा स्थानिय जनताले अनुभूति हुने गरी विकास निर्माण र सेवा प्रवाहमा सुधार गरी नगरलाई नमूना नगरको रुपमा विकास गरीने लक्ष्य सहित यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

**उपस्थित नगर सभा सदस्यज्यूहरु**

अब म शंखरापुर नगरपालिका विकासका सम्भावना र चुनौतीहरुको र शंखरापुर नगपालिकाको संक्षिप्त चर्चा गर्न अनुमति चाहन्छु ।

प्रदेश नम्बर ३ अन्तरगत काठमाण्डौ जिल्लाको पूर्वि क्षेत्रमा रहेको यस नगरपालिका २०७१ साल मंसिर १६ गते स्थापना हुँदा १५ वटा वडामा विभाजन गरीएको नगरपालिका २०७३ सालमा भएका स्थानीय तहको पुनर्संरचना पश्चात साबिकको इन्द्रायणी, पुखुलाछी, बज्रयोगिनी, लप्सेफेदी, सुनटोल र नाङ्लेभारे गा.वि.स मिलाएर शंखरापुर नगरपालिका बनेको हो। हाल कुल ९ वटा वडामा वर्गीकरण गरीएको यस नगरपालिका ऐतिहासिक रुपमा करिव ३३०० वर्ष अगाडि जोगदेव

बज्राचार्यले कलिगत सम्बत १८०१ मा योजना बनाई शंखको आकारमा साँखु सहरको परिकल्पना गरी बनाएको हुँदा यस नगरको नामाकरण शंखरापुर नगरपालिका गरिएको हो। कुल ६०.२१ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस नगपालिका भक्तपुर, सिन्धुपाल्चोक, काभ्रे जिल्ला लगायत काठमाण्डौ जिल्लाको कागेश्वरी मनोहरा नगरपालिका संग जोडिएको छ । नेपालको राजधानी रहेको जिल्लामा रहेको नगरपालिका भएता पनि ग्रामीण बस्ती र भौगोलिक रुपमा विकट रहेको यस नगरको मुख्य विशेषताको रुपमा ऐतिहासिक सांखु शहर लगायत बज्रयोगिनि र शालिनदी रहेका छन । नगरपालिकाको कुल जनसंख्या २७ हजार २ सय २ रहेको छ जसमा १३६३३ पुरुष र १३५६९ महिला रहेका छन् ।तामाङ, नेवार, ब्राम्हण, क्षेत्री गुरुङ लगायतका जातजाति बसोबास गर्ने यस नगरमा बज्रयोगिनी जात्रा, शालिनदी मेला,मनिचुड मेला, माधव नारायण स्वस्थानि वर्त, दशै जात्रा, इन्द्रायणी जात्रा तथा अन्य जात्रा प्रमुख संस्कृति मानिन्छ ।नगरपालिका भित्र प्रमुख चाडपर्वका रुपमा दशै, तिहार, माघेसङ्क्रान्ति, चैतेदशै, साउने सङ्क्रान्ति, जनैपूर्णिमा, हरितालिका, कृष्णाष्टमी, गाईजात्रा , योमरी पुर्णिमा, ल्होसार, मेनाङ मनाउने गरिएको छ।

जनप्रतिनिधि भई काम गर्दै गर्दाका विगत २ वर्षको अनुभव हेर्दा यस नगरको अवसर, समस्या र चुनौतिको रुपमा देखा परेका केही तथ्यहरु म यहाँ प्रस्तुत गर्न चाहन्छु ।

नगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक धार्मिक प्राकृतिक क्षेत्रलाई संरक्षण र सम्वर्धन गरी पर्यटनको प्रवर्द्धन र विकास गर्दै कृषियोग्य भुमिहरुलाई पकेट क्षेत्रको रुपमा पहिचान र विकास गरी आर्थिक विकासको प्रमुख क्षेत्रको रुपमा लैजान सकिने अवसर हामीमाझ निहित छ । नगरपालिका क्षेत्रभित्रका विभिन्न प्राकृतिक श्रोत साधनको पहिचान र परिचालन गरी आर्थिक विकासको बाटो कोर्दै भुकम्पले क्षति पुऱ्याएका अव्यवस्थित बस्तीहरुमा भुकम्प प्रतिरोधात्मक व्यवस्थित नयाँ बस्ती बसाउन एवं ऐतिहासिक सम्पदाको रुपमा रहेको साँखु बजारलाई पुननिर्माण मार्फत भत्केका संरचना र सम्पदाहरुलाई व्यवस्थित बनाउन सके पर्यटन विकासको राम्रो सम्भावना र अवसर पनि रहेको छ ।

अधिकार कार्यक्षेत्र निक्षेपित भएतापनि शक्ति एवं स्रोतको पूर्ण निक्षेपण हुन नसक्नु, आर्थिक सामाजिक विकासका दृष्टिकोणले पछाडी परेको हुदा स्रोत एवं साधनको स्थिति कमजोर रहेको छ । जनप्रतिनिधिहरुसंग जनताका अपेक्षा निकै उच्च रहेको तर सीमित साधन एवं स्रोतहरुबाट सो अपेक्षा हासिल गर्न चुनौतिपुर्ण रहेको छ । प्रशासनिक संयन्त्रले पुर्णता पाउन नसक्दा दैनिक सेवा प्रवाह एवं उपलब्धीहरु उपेक्षित रुपमा दिन सकिएको छैन साथै आन्तरिक स्रोत कमजोर हुँदा संघीय स्रोत मै निर्भर हुनु पर्दा विकासले तिव्रता पाउन सकेका छैन । नयाँ राजनीतिक संरचना भएको हुदा आधार स्तम्भ नयां सृजना गर्नु परेको छ । आर्थिक विकासका लागि राजश्वको संकलन एवं परिचालनका नयां क्षेत्र को खोजी व्यवस्थापन गर्न जरुरी छ । पर्याप्त जन श्रमदान नहुदा योजना सम्पन्न गर्न कठिनाइ रहेको छ । अव्यवस्थित सहरीकरणलाई नियन्त्रित गरी भवन निर्माण संहितालाई कडाइका साथ पालना गराउने तथा व्यवस्थित Land Pooling गर्न र लागु गर्न चुनौतीपुर्ण

रहेको छ । न्यायिक अधिकार रहे पनि सोको वस्तुनिष्ठ प्रयोग गर्न सकिएको छैन,विकासमा आर्थिक अनुशासन कायम गर्नु हाम्रा लागि चुनौतीपुर्ण नै रहेको छ भने भौगोलिक बिकटताका कारण पूर्वाधार विकासमा कठिनाई भएको व्यहोरा यहाँहरुलाई विदितै छ।

सम्माननीय सभाध्यक्षज्यू,

उपस्थित नगर सभा सदस्यज्युहरु,

अब म क्षेत्रगत रुपमा यस नगरपालिकाको संक्षिप्त नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु

## शिक्षा तथा खेलकुद :

नेपालको संविधानको अनुसूची (८) मा प्रदत्त आधारभूत र माध्यमिक शिक्षाको अधिकारलाई सुनिश्चित गर्नका लागि निम्नानुसार नीतिहरु तथा सैद्धान्तिक अवधारणाहरु प्रस्तावगरीन्छ

१. यस नगरक्षेत्र भित्रका सामुदायिक बिद्यालयहरुलाई अभिभावक र विद्यार्थीको आकर्षणको केन्द्रको रुपमा विकास गर्न, शिक्षाको गुणस्तर सुधारका लागि अंग्रेजी माध्यमबाट शिक्षा दिने साथै विद्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाइने छ ।

२. सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीको निरन्तर क्षमता विकास गर्नका लागि कष्टमाइज्ड शिक्षक तालिम सञ्चालन गरिने छ ।

३. छोटो अवधिको सिपमूलक तालिमको प्रवन्ध गरी एक विद्यालय एक उत्पादनको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।

४. विद्यालयहरुमा डिजीटल हाजीरी, सिसी टिभि, स्मार्ट बोर्ड, डिजीटल प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रवर्द्धन गरिनेछ ।

५. शिक्षकले गरेको कार्य र समय Teacher time on task को दैनिक रेकर्ड राख्ने व्यवस्था गरनेछ। विद्यार्थी सिकाइ उपलब्धीका आधारमा शिक्षकलाई प्रोत्साहन भत्ताको प्रवन्ध गरिनेछ।

६. स्थानीय पाठ्यक्रम निर्माण गरी आगामि शैक्षिक सत्रमा कार्यान्वयनमा ल्याइने छ । हरित विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइने छ ।

७. साक्षरता शिक्षा, कार्यमुलक साक्षरता, निरन्तर शिक्षा र डिजिटल शिक्षा कार्यक्रमको सञ्चालन र साक्षर शंखरापुर घोषणा गरिनेछ ।

८. सामुदायिक विद्यालयमा अभिभावकको सहभागिता बृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चचालन गरिनेछ । विद्यालयलाई समुदायको सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ ।

९. विद्यालयको भैातिक पूर्वाधार विद्यालय भवन तथा) Lab, library, ICT lab, Online library लगायतको स्रोत साधन सम्पन्न कक्षाकोठा निर्माण गरी स्रोतसाधन सम्पन्न कक्षाकोठाको निर्माण गरिनेछ ।

१०. विद्यालयमा अध्ययनरत तिक्ष्ण विद्यार्थीको पहिचान गरी विपन्न तथा लक्षित विद्यार्थिहरुको लागि विशेष छात्रबृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ

११. विद्यालय नक्शाङ्कनको आधारमा विद्यालय गाभ्ने, तह वा कक्षा घटाउने वा बढाउने कार्यलाई प्रोत्साहन गरिनेछ।उक्त कार्यमा सहभागी हुन स्वउत्प्रेरीत हुने विद्यालय परिवारलाई विषेश प्रोत्साहन गरिनेछ।

१२. विद्यालय परिसर तथा कक्षाकोठाको दैनिक सरसफाई गर्न प्रोत्साहन गरनेछ ।विद्यालयमा पत्रु खाना प्लाष्टिक निषेध गरनेछ । सुस्मा कोइराला मेमोरिय नर्सिङ कलेजको सहकार्यमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ

१३. शिक्षण सिकाइमा बाल केन्द्रित, परियोजनामा आधारित, सङ्गीत, रैथाने , सूचना तथा सञ्चार प्रविधिमा (ICT) आधारित विधिको प्रयोग गर्न प्रोत्साहित गरिनेछ।विद्यालयमा सिकाइमा कमजोर विद्यार्थीकाको पहिचान गरी लागि अतिरिक्त कक्षा Remedial tuition class सञ्चालन गरिनेछ ।विद्यार्थी प्रदर्शनी, खेलकुद प्रतियोगीता, विज्ञान प्रदर्शनीको आयोजना गरिनेछ ।

१४. बाल क्लब, स्काउट, सदन, जुनियर रेडक्रस सर्कलको गठन विद्यार्थीको सिकाइ प्रवर्द्धन गर्न परिचालन गरिनेछ ।

१५. नगर खेलकुद विकास समितिलाई क्रियाशील बनाउन खेलकुदलाई प्रवर्द्धन गर्दै राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्ने नीति अवलम्बन गरिने छ र नगर भित्र रहेका राष्ट्रिय खेलाडीहरुलाई सम्मान गर्दै लगिनेछ ।

१६. यस नगरपालिका अन्तर्गत सलम्बुटारमा रहेको खेलकुद मैदानलाई निर्माण गर्नको लागि प्रदेश नं. ३ मा बजेट माग गरि कार्यसम्पन्न गरिनेछ ।

## स्वास्थ्य, सरसफाई तथा खानेपानी

१। आधारभूत स्वास्थ्य र सरसफाई गर्न शंखरापुर नगरपालिकाको मातहतमा एक स्वास्थ्य समिति गठन गरीनेछ |

२. मौलिक हकको रुपमा संबिधानमा स्थापित आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क प्रदान गर्ने ब्यवस्था गरीनेछ । गुणस्तरीय स्वास्थ्य सेवा मा सबैको पहुँच स्थापित गर्नका लागि प्रभावकारी कार्यान्वयन तथा ब्यवस्था र सो को प्रभावकारी अनुगमनको व्यवस्था गरीने छ ।नगरवासी सवैलाई पायक पर्ने गरी सुविधा सम्पन्न नगर अस्पताल संचालन गर्न

आवश्यक प्रक्रिया अगाडी बढाइएको छ । सवै वडाहरुमा स्वास्थ्य चौकीको सुनिश्चितता गरीने योजना अन्तरगत वडा नं. ४ मा निर्माणाधिन स्वास्थ्य चौकिबाट आगामी आर्थिक वर्ष वाट स्वास्थ्य सेवा विस्तार सुरु गरीनेछ साथै वडा नं. ८ मा स्वास्थ्य संस्था स्थापना गरी सेवा विस्तार गरिनेछ । स्वास्थ्य चौकीहरुबाट वितरण हुने निःशुल्क औषधीहरुको लागि आवश्यक प्रवन्ध गरीने छ । नगर खुला दिशामुक्त क्षेत्र घोषणा भई सकेको अवस्थामा सो पश्चात गरीने सरसफाई सम्बन्धि गतिविधिहरुलाई जोड दिइने छ ।

३. वर्थिङ सेन्टर सञ्चालन भएका केन्द्रहरुमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्ने निति अवलम्बन गरिने छ ।

४. नगर क्षेत्रभित्रका वडाहरुमा खानेपानीको उपलब्धता, पर्यावरण र आवश्यकता लाई विश्लेषणगरी प्राथमिकताका आधारमा आवश्यक बजेटको व्यवस्था गरीने छ ।

५. नगरक्षेत्र भित्रका पानीको श्रोतहरुको पहिचान गरी बस्ती स्तरमा एकीकृत खानेपानीका लागि स्वच्छ खानेपानी ३ बर्ष भित्र सहज रुपमा प्रत्येक नगरवासीको पहुँचमा अभिवृद्धि गरीने छ । एक घर एक धारा पुऱ्याउने लक्ष्य लिइने छ साथै पानीका मुहान,सिमसार क्षेत्र आदिमा कुनै पनि भौतिक निर्माण कार्य गर्न बन्देज लगाई संरक्षण गरीनेछ । साथै नदी तथा पानीका मुहानमा हुने प्रदुषणलाई निरुत्साहित गरिने छ ।

६. फोहर संकलन र पूर्ण सरसफाई कार्यक्रमलाई बहुपक्षीय साझेदारीमा यसै बर्षबाट सुरुवात गरिनेछ ।

७. नगरभित्रका मासु पसलहरुलाई व्यवस्थित गर्नका लागि कार्यविधि बनाई कार्यान्वय गर्दै लगिने छ । बाहिरी खुल्ला मासु पसललाई बन्द गरिने छ, नगरपालिकाले व्यवस्थित वधशाला निर्माण गर्ने कार्य अगाडि बढाइनेछ ।

८। नगरपालिका भित्र संचालन गर्न औषधि पसल (Pharmacy), नगर भित्र सञ्चालन हुने क्लिनिक तथा अस्पतालहरुलाई नगरपालिकामा दर्ता गराई नगरपालिकाद्वारा नियमित अनुगमनको व्यवस्था गरिनेछ |

९। नगरपलिकामा रहेका बालबालिकाहरुलाई बि.सी.जि, पोलियो र आवश्यक सम्पूर्ण भिटामिनको उचित व्यवस्थापन र पोषण कार्यक्रम संचालन गरीनेछ।

१०। नगरपालिकाले नियमित आवत-जावत हुने र मान्छेहरुको चाप हुने ठाउँमा निःशुल्क सार्वजनिक शौचालयहरु तथा बायोग्यास जडित शौचालय, स्नान गृह र महिनावारी भएका महिलाहरुको लागि छुट्टै परिवर्तन कक्ष बनाइनेछ | छात्राहरुको लागि निःशुल्क सेनिटरी प्याड वितरण गर्ने कार्य अगाडि बढाइनेछ ।

## सामाजिक सुरक्षा तथा सामाजिक न्याय

१. यस नगरपालिका भित्र विभिन्न जात जातिका भाषा, कला र संस्कृति, जात्रा र साहित्यलाई संरक्षण, सम्बद्धन गर्ने निति अगाडि बढाइने छ, चलनचल्तीको काम काजमा मातृभाषा प्रचलनमा ल्याइने छ ।

२. जातीय, भाषिक, धार्मिक, लैंगकि विभेदलाई अन्त्य गरिनेछ । महिला, पिछडिएका जात-वर्गलाई सशक्तीकरण गरी मूल प्रवाहमा सहभागिता वृद्धि गर्ने नीति लिइनेछ । न्यायिक समितिवाट सवैले समान न्याय दिलाएको महशुस हुने गरी न्याय सम्पादनलाई प्रभावकारी र विश्वसनीय वनाउने नीति लिइनेछ । वडास्तरमा मेलमिलाप केन्द्र गठन, नगरपालिकामा रहेको न्यायिक समितिलाई इजलासको व्यवस्थागरी गतिशिल बनाइने छ ।

३. सालिनदि क्षेत्र विकासका लागि हाल श्री स्वस्थानी माधवनारायण व्रत तथा सालिनादी सुधार समिति र श्री जनक जानकी धर्म कर्म सेवा समिति कार्यरत रहेको हुँदा दुवै समिति संग समन्वय गरी एउटै विकास समिति गठन गर्न पहल गरिनेछ ।

४. सामाजिक सुरक्षाका क्षेत्रहरुको पहिचान गरी सो संग सम्बन्धित तथ्यांक संकलन गरिनेछ, राज्यको सामाजिक सुरक्षाको दायित्वलाई ग्रहण गर्दै सामाजिक सुरक्षा भत्ता, सामाजिक सेवाहरुको समुचित परिचालन गरिनेछ ।बैङ्कीङ पहुँच भएको क्षेत्रमा सामाजिक सुरक्षा भत्ता वैङकिङ प्रणालि मार्फत उपलब्ध गराउने व्यवस्था प्रारम्भ गरिने छ ।

५. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग व्यक्तिहरुको तथ्याङ्क व्यवस्थित गरी राज्यको पहुँच महसुस हुने गरी विवध कार्यक्रमहरुमा समाहित गर्ने निति अवलम्बन गरिनेछ।

६. बालमैत्री स्थानीय शासनको अवधारणालाई अवलम्बन गरिनेछ र बालमैत्री नगर बनाउने नीति लिइने छ ।

७. राज्यका गहनाका रुपमा रहेका जेष्ठ नागरिक, दलित, अपाङ्ग, पछाडि परेका समुदायहरुको मनोवल उच्च राख्न नागरिक सम्मान कार्यक्रम गरिनेछ । मुटुरोगी, क्यान्सर रोगी र दीर्घ रोगीहरुलाई नदोहोरिने गरी रु. १० हजार सम्म आर्थिक सहयोग दिने कार्यक्रमलाई निरन्तरता दिइने छ भने असाहय र विपन्न वर्गलाई पनि सहयोगको व्यवस्था मिलाइने छ ।

८. नागिरक सचेतना केन्द्र तथा सामुदायिक संघ संस्थाहरुलाई नगरक्षेत्रको टोलको विकासको आधारशिलाको रुपमा विकास गरिनेछ । सामाजिक न्याय,उत्पादन तथा आयआर्जन विकास र वातावरणमैत्री टोल विकासमा टेवा पुर्याउन टोल सुधार समितको गठन र सो संगको साझेदारीताको नीति अबलम्बन गरिनेछ ।

९. केन्द्र र प्रदेश सरकारले लिएको समृद्धिको बाटोमा जोडिनको लागि आवश्यक विकास गर्न शान्ति र स्थायित्व कायम राख्न नगरपालिकाले ध्यान दिनेछ । तथ्य तर्क र कानुनका

आधारमा नगरबासिका जायज मागहरुलाई सुन्ने  र पुरा गर्ने नीति लिइने छ । पुरा गर्न नसकिने मागहरुलाई केन्द्र र प्रदेशमा पठाइने छ ।

१०. **प्रधानमन्त्री रोजगार कार्यक्रम**को राष्ट्रिय अभियानलाई सार्थक तुल्याउन आन्तरिक रोजगारीका अवसरहरु वृद्धि र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्दै बेरोजगार व्यक्तिहरुलाई रोजगारमा आवद्ध गरीनेछ ।

११. यस नगरमा बसोबास गर्ने विभिन्न जातजाति, धर्म, संस्कृति, वैभव संम्पदाहरुको संरक्षण,सम्वर्द्धन एवम् बिकास गरी स्वदेशी तथा बिदेशी पर्यटकहरुको आकर्षणको  केन्द्र बनाई उत्पादनमूलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार एवम् स्वरोजगार उपलब्ध गराइनेछ ।प्राचीन कालमा साँखु र मित्रराष्ट्र चीनको हालको ल्हासा शहर विचको ऐतिहासिक व्यापरिक सम्बन्धका तथ्य र अभिलेखको अनुसन्धान गरी सोको आधारमा दुई नगरविच भगिनी सम्बन्ध स्थापित गर्न पहल कदमी दिइनेछ।

## कृषी तथा पशु

१. कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा बिकास गर्ने नीति लिइने छ । कृषि तथा पशु जन्य उत्पादनलाई विशिष्टीकरण गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने ब्यवस्था गरिनेछ । कृषकलाई समयानुकूल मलखाद,बीउ बिजन सरल र सुपथ मूल्यमा उपलब्ध गराउने नीति लिइने छ । अत्यधिक मात्रामा प्रयोग भएको विषादी प्रयोगलाई कम गर्दै, नगदे बाली उत्पादन गर्न बिशेष प्रोत्साहन दिइने छ । कृषि उपज उत्पादनको लागि आवश्यक सिंचाईको प्रवन्ध क्षेत्रगत प्राथमिकताका आधारमा बिस्तार र बिकास गर्ने नीति लिइने छ । पशु पंक्षी तथा कृषि वालीको बीमा गर्न बिशेष कार्यक्रम मार्फत कृषकहरुलाई प्रोत्साहितगरीने छ ।

२. नगरपालिकाले कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण  गर्दै  यान्त्रिकीकरण गर्नको लागि आफ्नो बजेटबाट अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ |

३. गाई, बाखा, बंगुरको कृत्रिम गर्भधारण द्वारा नश्ल सुधार गर्ने नीति अबलम्बनगरीने छ |

४. नगरपालिकाले कृषि व्यवसायीको क्षमता र सिप विकास तथा सशक्तिकरणको लागि सिपमूलक तालिम तथा कार्यक्रम संचालन गर्नेछ |

५. नगर भित्रका वडाहरुमा कृषि उपज प्रबर्द्धन गर्नको लागि एक वडा एक पकेट क्षेत्रको रुपमा विकास गरिनेछ र वडा नं. २ र ४ लाई बाख्रा पालनको पकेट क्षेत्रको रुपमा अगाडि बढाइनेछ |

६. पशु पन्छीको प्राथमिक उपचारको लागि औषधि वितरण तथा प्रयोगशालाको व्यवस्था मिलाउने तथा आवश्यकता अनुसार शिविर सञ्चालन गर्ने नीति लिइनेछ |

७. आर्थिक तथा सामाजिक रुपले पछि परेका नगरवासी कृषक केन्द्रीत गरी घाटा पूर्तीको व्यवस्थापन कार्य प्रणाली अपनाउने नीति क्रमिक रुपमा लागु गरिनेछ। उत्पादित कृषि उपजलाई नगर क्षेत्रका ब्यापारिक केन्द्रहरुमा संकलन केन्द्रको ब्यवस्था गरिनेछ ।वडा नं. ९ मा कृषि बजार संकलन केन्द्र निर्माण गर्ने कार्यको लागि जग्गाको व्यवस्था भए अनुसार केन्द्र सरकार संगको सहकार्यमा निर्माण कार्य अगाडि बढाइने छ | पशुपालन क्षेत्रमा पशु चिकित्सा केन्द्रको ब्यवस्था गरिनेछ ।

८. नगरपालिकाले स्थानीय कृषकलाई स्थानीय तहमै बिउ उत्पादन गर्ने वातावरण सिर्जना गर्न नगरपालिकाले स्थानीय कृषकहरुलाई अनुदान प्रदान गर्नेछ र साथै उन्नत विउ विजन वितरण कार्यक्रम संचालनमा ल्याउने छ |

## वातावरण, वन तथा विपद व्यवस्थापन

१. सामुदायिक वनलाई प्रभावकारी बनाउन र बिकास साझेदारीसंग जोड्न नियमन अनुगमन सम्बन्धी नीति लिइनेछ |

१. नगर स्तरीय विपद व्यवस्थापन समिति तथा वडा स्तरका विपद व्यवस्थापन समितिलाई सक्रिय वनाउने तथा नगरपालिकाले पहिरो, आगलागी, भूकम्प आदि सम्भाव्य प्राकृतिक विपत्तिको पहिचान भई त्यसको क्षति न्यूनिकरण गर्नका लागि क्षेत्रगत रुपमा नीति अवलम्बन गर्नेछ | आपतकालीन विपद प्रतिकार्य तथा पूर्वतयारी योजना कार्यन्वयन गरी नगर स्तरीय विपद जोखिम न्युनिकरण योजना बनाई कार्यान्वयन गरिनेछ ।

२. विकासका कार्यहरुलाई विपद व्यवस्थापनसंग आबद्ध गरी सो कार्यहरुको न्यायोचित कार्यन्वयनगरीने छ ।

३. भुकम्प पछिको पुनर्निर्माणलाई तिव्रता दिने तथा जोखिमयुक्त सरकारी तथा निजि निर्माण कार्यहरुलाई नियमन गर्नको लागि उचित व्यवस्था गर्नेछ । नगरपालिकाले निजी तथा सामूदायिक भवनहरुको निर्माणमा अनिवार्य नक्सा पास गर्ने तथा भवन संहिता कडाईका साथ लागू गर्ने व्यवस्था लाई निरन्तरता दिइने छ |

४. नगरपालिकाले नगर भित्र कुनै पनि कर कारखाना, उद्योग व्यवस्था संचालन गर्नु अघि पूर्व-प्रारम्भिक वातावरणीय परिक्षण (IEA – Initial Environmental Assessment) तथा EIA अनिवार्य रुपमा संचालन गर्नुपर्नेछ |

५. वातावरण एवम् प्राकृतिक सम्पदाको संरक्षण सम्बद्र्धन गर्ने दायित्व नगरवासीहरुकै हो भन्ने भावनालाई प्रोत्साहित गर्न खनिज सम्पदा, ढुङ्गा, गिटी, वालुवा, माटो आदिको उत्खनन्, प्रशोधन, ओसारपसार कार्यलाई प्रभाकारी ढंगले ब्यवस्थित गरिने छ । बन बिनास, जल उत्पन्न प्रकोपवाट उत्पन्न मानवीय क्षति, नदीद्वारा हुने कटान, भू—क्षय आदि नियन्त्रण गरी प्राकृतिक श्रोत, सम्पदाको जगेर्ना र वातावरणलाई मानव मैत्री वनाउने नीति लिइने छ । साथै शंखरापुर नगरलाई हरीत नगरको रुपमा बिकास गर्न आवश्यक पूर्वाधार तयारको लागि प्रोत्साहित गर्ने नीति लिइने छ । यस नगरपालिका भित्र रहेका वन जंगल संरक्षण गर्न,

वातावरण प्रदुषित हुनवाट जोगाउन हाल प्रयोग भइ रहेको इन्धनको विकल्पको लागि अन्य वैकल्पिक उर्जा उत्पादनमा प्रोत्साहन गरिनेछ । प्राकृतिक श्रोतको व्यवस्थापनका लागि निर्माण भएको कार्यविधिलाई परिमार्जित गरी कडाइका साथ् पालना गराइने छ | प्राकृतिक स्रोत उत्खनन र ओसारपसारलाई नियन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ | बालुवा प्रसोधन उद्योगबाट निस्कने प्रदुषित वातावरणलाई नियन्त्रण गरी त्यसबाट निस्कने फोहोर पानीलाई खोलामा फाल्न निषेध गरिनेछ |

## पुर्वाधार विकास

१. जहरसिङपौवा-नाङले — फड्केश्वर सडकको नाङले खण्डको स्तरोन्नत्तिका लागि ठेक्का सम्झौता अनुसार कार्य सम्पन्न गरिनेछ साथै केन्द्र सरकारबाट प्राथमिकतामा राखी आगामि आ.व. २०७६/०७७ मा रु २० करोड बजेट विनियोजन भए अनुसार कार्य गर्न समन्वय गरिनेछ ।
२. साँखु बज्रयोगिणी मन्दिर हुँदै घुमारचोक डाडाकटेरी चौकि भन्ज्याङ सडकलाई ADB परियोजना मार्फत कार्यक्रम अगाडि बढाइने छ |
३. पूर्वाधार विकासका निमित्त प्राथमिकता निर्धारण गरी सो क्षेत्र निर्धारण गर्न प्रारम्भीक अध्ययन र अनुसन्धान गरिनेछ ।
४. उपभोक्ता समिति मार्फतगरीने निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । यसरी कार्य गर्दा RCC निर्माणको लागि १० प्रतिशत र अन्य कार्यका लागि १५ प्रतिशत लागत सहभागिता जुटाउनु पर्नेछ ।
५. नगरपालिका तथा मातहतका कार्यालयबाट निर्माण वा विकास गरिने भौतिक पूर्वाधारहरु नागरिक मैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री बनाइनेछ ।
६. सम्भाव्यताको अध्ययन गरी नयाँ बसपार्कको डिपिआर तयार गर्ने र सो बामोजिम नगर विकास कोषको नियमानुसार कार्य अगाढी बढाइने छ ।
७. नगरपालिका भित्रका ठूला पर्यटन, धार्मिक क्षेत्र, खानेपानी सडक लगायत अन्य आवश्यक आयोजनाहरुको डिपिआर तयार गरेर मात्र कार्य अगाडि बढाइनेछ ।
८। नगरपालिका भित्र निर्माण गर्नुपर्ने भौतिक पूर्वाधारका क्षेत्रहरुलाई ठूलो, मझ्यौला, साना तथा नगरस्तरीय भनी पहिचान तथा बर्गीकरण गरिनेछ, ठुला योजनाहरु केन्द्र स्तर र प्रदेश स्तरमा समावेस गराउन पहल गर्दै साना तथा नगरस्तरीय भनि वर्गीकरणमा परेका योजनाहरुको प्राथमिकता निर्धारण गरी क्रमागत रुपमा निर्माण तथा विकास गरिनेछ ।
९. उपभोक्ता समितिको सहलगानीमा र निर्माण व्यवसायी मार्फत निर्माण गरिने भौतिक पूर्वाधारहरुको निर्माण कार्यमा अनावश्यक ढिलासुस्ती गर्ने, बाधा-व्यवधान गर्ने, गुणस्तरहिन काम गर्ने कार्यहरुलाई दण्डनीय बनाउने, कालोसूचीमा राख्ने वा भविष्यमा पुनः यस्तो कार्य

गर्न अयोग्य ठहऱ्याउन सक्ने, जमानत जफत गर्ने जस्ता कार्यहरु मार्फत नियन्त्रण तथा नियमन गरिनेछ ।

१०. सडकको मापदण्ड तोकएका जग्गाहरुको नापि कार्यालयसंग समन्वय गरेर लगत कट्टा गर्ने कार्य गरिनेछ रनापी नक्सामा समाबेश नभएका चलन चल्तीमा रहेका बाटो खहरे कुलो लाई अध्यावधिक गर्दै लगिनेछ |

११. सार्वजनिक सम्पत्ति तथा सार्वजनिक जग्गाको संरक्षण सुरु भैसकेको अवस्थामा शंखरापुर नगरपालिका भित्र सार्वजनिक जग्गामा बनेका स्थायी संरचनाहरु नगरपालिकाको अधीनमा ल्याई व्यवस्थापन तथा उपयोग गरिने छ । आवश्यक ठाउँहरुमा विश्राम स्थल तथा चौताराको निर्माण गरिनेछ ।

१२. प्रयोगमा नआएको सार्बजनिक जग्गालाई संरक्षण गरी सार्बजनिक निजि साझेदारीको अवधारणा अनुसार व्यवसायिक प्रयोजनको लागि कार्यविधि बनाई लिजमा उपलब्ध गराउने नीति लिइनेछ |

१३. पर्यटन बिकासको लागि नगरपालिकाले निर्माण गरेको DPR अनुसार कार्य गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरि लगानीको लागि आह्वान गरिनेछ |

१४. काठमाडौं महानगरपालिका संग समन्वय र सहकार्यमा नगरपालिकाको ( City Hall) निर्माणको लागि थप कार्यक्रम अगाडि बढाइने छ । अन्य देशका नगरहरुसँग भातृत्व कायम गरी मितेरी सम्बन्ध गाँस्न पहल गरिने छ ।

१५. २०७२ साल बैशाख महिनामा गएको विनाशकारी भूकम्पवाट क्षति भएका सार्वजनिक एवं निजी भौतिक संरचनाहरुको पुनः निर्माणमा प्राथमिकताका साथ जोड दिइने छ ।

१६. भुकम्प पिडितहरुको हकमा आवासीय घरको लागि मात्र १००० बर्ग फिट भन्दा मुनिका घरहरुलाई १ तल्ला छुट दिइरहेको सन्दर्भमा अव उपरान्त व्यवसायिक अर्थात सटर राखेको घर र १००० वर्ग फिट सम्मका प्लीन्थ एरिया क्षेत्रफल भएका भुकम्प पिडितहरुलाई पनि नक्सा पासमा १ तल्लाको छुट गरिनेछ ।

१७. न्युनतम ५ रोपनी भन्दा माथि २० रोपनी सम्म नगरपालिकाले प्लानिंग कार्यविधि अनुसार Planning Permit दिने प्रक्रिया अगाडि बढाइनेछ र त्यस भन्दा वढिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ |

१८. इन्द्रायणी चोक उत्तर देखि पश्चिम कागेश्वरी मनहरा र गोकर्णेश्वर नगरपालिकासँग र इन्द्रायणी चोकदेखि पूर्व उत्तर र साँखु सम्पदा बस्ती बाहेक साँखु लप्सेफेदी सडकको पश्चिममा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रसंग समन्वय गरि प्लानिङको काम गरिने छ । जग्गा प्लानिङ कार्य अव्यवस्थित रुपले भैरहेको हुँदा जग्गा प्लानिङ कार्यविधि बनाई व्यवस्थित प्लानिंग गर्नको लागि कार्य अगाडि बढाइने छ |

१९. साँखु बजारलाई भूकम्प पछि सम्पदा क्षेत्रमा नगरपालिकाको पहलमा सूचीकृत गरीएको हुँदा उक्त ऐतिहासिक ठाउँलाई वास्तुकलायुक्त परम्परागत घर निर्माणको लागि आर्थिक प्रोत्साहन स्वरूप प्रदान गरीने रु १ लाखको व्यवस्थालाई निरन्तरता दिइने छ । सम्पदा बस्ती भित्र आवश्यक पूर्वाधारको कामको थालनी गरिनेछ र विशेस प्रक्रित्को घरहरुलाई प्रोत्साहन स्वरूप थप प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ |

२०. सिंचाईको पहुँच सबै ठाउँमा पुऱ्याउन आवश्यक पहल गरिने छ | पानीको स्रोतको खोजी गर्दै सिंचाई नपुगेको ठाउँको पहिचान गरी आवश्यक प्रवन्ध गरिने छ

२१. निर्माणाधीन साँखु जोरपाटी सडक अन्तर्गत सिटि.ई. भी.टि.ई. देखि पुरानो बसपार्क सम्म सडक विस्तार कार्य रोकिएको हुँदा विस्तार कार्यलाई अगाडि बढाउन आवश्यक पहल गरिने छ |

२२. नगर कार्यपालिकाको भवन निर्माणको लागि जिल्ला समन्वय समिति काठमाडौँबाट भवन निर्माणमा प्राप्त हुने सात करोड रकमबाट यसै नगरपालिकाको वडा नं. ६ नारायण चोकमा निर्माण कार्य थालनी गरिनेछ ।

२३. नगरपालिकाबाट तय भएका योजनाहरुमा केन्द्र र प्रदेशबाट आएका योजनाहरुसंग दोहोरोपन नहुने गरी कार्यन्वयन गर्दै लगिनेछ ।

२४. २ लाख सम्मका योजनाहरुमा प्रत्येक वडामा टोल समिति निर्माण गरि सर्वे कार्य टोल समितिबाट गर्ने गरि व्यवस्थापन गरिनेछ |

२५. नाङलेभारेको उपयुक्त स्थानमा मोर्डन गार्डेन सिटिको लागि चीनको सिल्क रोड नेसनल ब्रान्ड म्यानेजमेन्ट कम्पनिसंग समन्वय र सहकार्यमा कार्य गर्न आवश्यक जग्गा उपलब्ध गराउने पहल कदम लिइनेछ ।

## पर्यटन

१. सामुदायिक वन क्षेत्रमा पार्क, चिडियाखाना लगयत होटल रिसोर्ट प्रबर्द्धन गर्न सम्भाव्यता अध्ययन गरिनेछ । थाना भन्ज्याङ भूकम्प स्मृति पार्क र सलम्बुदेवि वन लाई बाल उद्यान बनाउन आवश्यक पहल गरिनेछ । वन उद्यान व्यवस्थापन तथा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. यस क्षेत्र भित्र धरोहरको रुपमा रहेका शालिनदी, बज्रयोगिनी, मणिचूड, सलम्वुदेबी, बिश्वम्भरा नारायण, इन्द्रायणीलाई धार्मिक पर्यटनको विकासगरी धार्मिक स्थलहरुलाई राष्ट्रिय अन्तर्राष्ट्रिय पहिचान स्थापित गरी श्री माधवनारायण स्वस्थानी ब्रत तथा सालिनदी सुधार समिति, बज्रयोगिनी विकास प्रवन्ध समिति संगकौ समन्वयमा एकीकृत धार्मिक तीर्थस्थल तथा पर्यटकीय प्रवर्द्धनका लागि विकास गुरुयोजना तयार गरी संचालनका लागि धार्मिक तथा पर्यटकिय विज्ञहरुको सल्लाह र सुझाब अनुसार कार्ययोजना तयार गरी कार्य अगाडि बढाइने छ ।

३. पर्या-पर्यटन लाई प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ । मणिचुड क्षेत्रलाई गुरुयोजना बनाई ऐतिहासिक धार्मिक केन्द्रको रुपमा विकासगरी स्वयम्भु, बौद्ध, मणीचूड, बज्रयोगिनी र नमोबुद्धसँग बौद्ध सर्टकिटको रुपमा विकास गरिनेछ ।

४. पर्यटन क्षेत्रलाई विकास गर्न विभिन्न संघ संस्थाहरु, पर्यटन व्यवसायीहरु, होटल व्यवसायीहरु संग समन्वयगरी पर्यटनसँग सम्बन्धी विभिन्न कार्यक्रमहरु अगाडी बढाइने छ ।

५. पर्यटन क्षेत्र विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटक बढाउन होटल व्यवसायीहरुको समन्वयमा सुरक्षा , तालिमको व्यवस्थापन गरिनेछ ।

६. नगर क्षेत्रभित्रको धार्मिक, सांस्कृतिक, पर्यावरणिय पर्यटनको सम्भाव्यता उजागर गर्न पर्यटन प्रबर्द्धनका लागि नगरस्तरीय एकिकृत पर्यटकीय गुरु योजना तयार गरिनेछ ।

७. होमस्टे संचालन, टुरिष्ट गाइडको तालिमको व्यवस्था, पर्यटन सूचना बोर्ड स्थापनाका साथै पर्यटन सम्बन्धी हातेपुस्तिका प्रकाशन गरिनेछ ।

८. नगरपालिका भित्र रहेका विभिन्न धार्मिक, ऐतिहासिक ताल, पोखरी र सिमसार क्षेत्रहरुको संरक्षण गरी त्यसलाई पर्यटकीय गन्तव्य बनाउने तथा व्यवसायिक रुपमा प्रबर्द्धन गरिनेछ।

९. शंखरापुर, कागेश्वरी मनहरा र गोकर्णेश्वर नगरपालिका सम्मिलित अन्तर नगर समन्वय समितिको पहलमा तारेभिर देखि जहरसिंहपौवा-- कात्तिके सम्म साइक्लिङ र पदमार्गको निर्माणको लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

१०. सेतो भुमिस्थान सामुदायिक बनलाई मिनि चिडियाखानाको रुपमा विकास गरिनेछ।

११. वडा नं. ४ झुलेमा बोधि बगैचा निर्माणका लागि DPR अनुसारको कार्य थालनी गरिनेछ |

१२. यस नगरपालिका वडा नं. ८ घुमारिचोकी मणिचुडको माने डाडामा ६५ फिटको बुद्धको प्रतिमा राख्ने कार्य आरम्भ गरिनेछ |

१३. वडा नं. ८ को जडिबुटि उद्यनलाई जैविक उद्यानको रुपमा विकास गरि पर्यापर्यटनको अध्ययन अनुसन्धानविकास गरिनेछ |

१४. वडा नं. ३ को चौकीभन्ज्याङमा रहेको IT Park लाई व्यवस्थित गर्दै लगिनेछ ।

## सहकारी ,वित्तीय क्षेत्र तथा उद्योग बाणिज्य

१. शंखरापुर नगरपलिकाले महिला,गरीब, अपाङ्ग, अल्पसंख्यक वर्ग र श्रमिकहरुलाई प्राथमिकतामा राखी साथै समुदायका व्यक्तिहरुलाई संगठितगरी बचत परिचालन, बिना धितो कर्जा, सीपमुलक तालिम, कृषि उत्पादन तथा लघु उद्यम स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२. कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारी संस्थालाई क्रियाशिल तुल्याई सो क्षेत्रमा कार्य गर्न ऋण प्रदान गर्न प्रोत्सहान गरिनेछ ।

३. नगरपालिकामा भएका सहकारी संस्थाहरुको अध्ययन ,अनुसन्धानगरी सो को आभिलेख दुरुस्तरुपमा नगरपालिकाले राख्नेछ साथै सहकारीको क्षमता अभिबृद्धि गर्न नगरपालिकाले तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्नेछ ।

४. महिला,गरीब, सिमान्कृत, अपाङ्ग, भूमिहीन तथा पिछडिएको वर्ग र श्रमिकहरुको साथै आम नागरिकको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुच आभिबृद्धि गरिनेछ ।

५. सहकारी तथा बचत सस्थाहरुले नाफा मुलक कार्य वा क्षेत्रमा नभई कृषि तथा उत्पादंनसिल क्षेत्रमा लगानी गर्नु पर्ने व्यवस्था गरिनेछ ।

६. शंखरापुर नगरपालिकाले स्थानीय स्तरमा सन्चालन भईरहेका र हुने क्रममा रहेको व्यवसायहरुको दर्ता, नबीकरण, खारेजी र विघठन गर्न सक्नेछ

७. स्थानीय स्तरमा उत्पादन हुन सक्ने वस्तुहरुको अध्ययन अनुसन्धान गरी सो उत्पादनका लागि प्रोत्साहन गर्दै शिक्षा, तालिम, र सूचनाको माध्यमबाट स्थानीय स्तरको व्यापार बिकास, प्रवर्द्धन र सहजीकरण गर्न सहयोग गर्नेछ ।

## सार्वजनिक सेवा, सुशासन तथा सूचना व्यवस्थापन

१. सूचनाको हक सूनिश्चित गर्न नगरपालिकाले सूचना प्रवाह गर्न हरेक वडा कार्यालयमा र आवश्यकता अनुरुप अन्य स्थलहरुमा सूचना पाटीको ब्यवस्था, नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।साथै नगरका गतिविधिहरु सामाजिक सञ्चाल तथा वेवसाइट मार्फत सार्वजनिक गर्दै सूचनाको पहुँचको प्रत्याभुति गराउने नीति लिइनेछ ।

२. नगरपालिका तथा वडा कार्यालयहरुबाट हुने दैनिक सेवा प्रवाह तथा सम्पूर्ण कार्यहरु प्रविधिमैत्री बनाइ वृहत अभिलेख व्यवस्थापनको नीति अवलम्बन गरिनेछ ।

३. नगरपालिका तथा त्यस मातहतका कार्यालयहरुले वर्षमा कम्तीमा एक पटक उसले गरेका विकास निर्माण गतिविधिहरुको प्रभाव मूल्याङकन गर्न सार्वजनिक सुनुवाई गरीनेछ ।

४. कार्य सम्पादनको आधारमा उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ । कर्मचारीहरुको वृत्ति विकास तथा क्षमता विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ साथै उनीहरुलाई कार्यलय प्रति जिम्मेवार बनाउन प्रोत्साहन गर्ने नीति अवलम्बन गरीनेछ ।

५. आन्तरिक लेखा परीक्षण चौमासिक रुपमा गराई आम्दानी र खर्चको विवरण सार्वजनिक गरिनेछ । सुशासन र सूचनाको हकलाई सूनिश्चित गर्न नगरपालिकाबाट संचालन गरिने आयोजना र कार्यक्रमको विवरण खुल्ने गरी सूचना पाटी हरेक योजना स्थलमा राखिनेछ ।

६. प्रदेश सरकारबाट कर्मचारीहरुलाई उपलब्ध हुने सेवा सुबिधाहरुलाई आधार मानी आवश्यकता अनुसार यस नगरपालिकाका कर्मचारीहरुलाई पनि उपलब्ध गराइने छ ।

७. निजामति हस्पिटलबाट सेवा सुबिधा प्राप्त नगरेका स्थायी प्रकारका कर्मचारीहरुलाई औषधि उपचार खर्चको व्यवस्था मिलाइनेछ ।

८. कार्यालयमा जनचाप हुने अवस्थामा लेखा, योजना, प्राविधिक ( इन्जिनियर) शाखाहरुलाई चैत्र देखि असार सम्म समय सेवा सुविधा सहित सेवा अवधि बढाइने छ ।
९. जनघनत्व बढी भएका स्थानमा सिसिटिभी जडान गरि सुरक्षाको प्रत्यभुती गराइनेछ |
१०. पर्यटन विकासको लागि पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ |

## राजश्व व्यवस्थापन तथा परिचालन

१. शंखरापुर नगरपालिकाले संबिधान तथा कानूनको अधिनमा रही कर, दस्तुर, शुल्क, महसुल र सो बापतको जरिवाना प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी संकलन गरी आन्तरिक आम्दानीको स्रोतलाई मजबुत गरिनेछ ।
२. राजश्व सुधार योजना बनाई कार्यान्वयनमा ल्याइने छ । सम्भावित राजश्वका स्रोतहरुको खोजी, व्यवस्थापन र आवश्यकता अनुसार लगानी समेत गरेर आन्तारिक आम्दानिलाई बढाउदै लैजाने नीति लिइनेछ ।
३. राजश्व चुहावट नियन्त्रण ,प्रभावकारी लेखा, जिन्सी तथा योजना व्यवस्थापनको लागि सूचना प्रविधिमा आधारित व्यवस्थित प्रणाली जडानगरी केन्द्रिकृत अनुगमनको व्यवस्था गरिनेछ ।

नगर विकास योजनालाई स्वीकृतिका लागि नगर सभामा पेश गर्ने क्रममा वस्ती तह, वडा समिति, वडावासी, नगरमा क्रियाशिल राजनैतिक पार्टीहरु, विषयगत कार्यालयहरु, नागरिक समाज, सरोकारवाला निकाय, व्यापारी, पत्रकार, शंखरापुर नगर कार्यपालिका परिवार, नगर कार्यपालिकाको कार्यालय परिवार लगायत सम्बद्ध पक्षले पुर्याउनु भएको महत्वपूर्ण सहयोग र सहभागिता उल्लेखनिय रहेको छ ।

सहभागितात्मक नगर विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागी भई यस नगर सभा आयोजना गर्ने क्रममा नगर कार्यपालिका परिवार, विषयगत कार्यालयहरु, नगरवासीहरु, पत्रकार, नागरिक समाज, सामाजिक परिचालन क्षेत्र लगायत कर्मचारी मित्रहरुबाट प्राप्त साथ र सहयोगका लागि धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा शंखरापुर नगरपालिकाले प्रस्ताब गरेका माथि उल्लेखित नीतिहरू स्वीकृत गरिदिनुहुन नगर सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद

सुवर्ण श्रेष्ठ
नगर प्रमुख